# कृषि विभाग अन्तरगत संचालित

वाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई अनुदान उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७०

**नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।९।१८ स्वीकृत**

नेपाल सरकार

कृषि विकास मन्त्रालय

# बाली उत्पादनोपरान्त क्षति न्युनीकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादनको लागि कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यबिधि २०७०

**पृष्ठभुमि** : कृषि क्षेत्रको बिकास तथा ब्यवसायीकरण सँगै कृषि उत्पादनको ढुवानी, सँचय तथा प्रशोधनको क्षेत्रमा अपेक्षित मात्रामा सुधार हुन नसक्दा कृषि उत्पादनको ठुलो हिस्सा बाली कटानी, ढुवानी, भण्डारण तथा प्रशोधनको कममा नोक्सानी भैरहेको छ जसले गर्दा उत्पादकहरुले आशातित प्रतिफल पाउन सकेका छैनन भने उपभोक्ताहरुले पनि चर्को मुल्य तिर्न परिरहेको छ । यसको साथै अन्तर्राष्ट्रिय बजारको मापदण्ड अनुसारको प्रशोधन, प्याकिङ्ग, ढुवानी तथा भण्डारणको ब्यवस्था हुन नसक्दा नेपाली कृषि उपजले छिमेकी देश लगायत अन्तर्राष्ट्रिय बजारमा प्रवेश पाउन तथा प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि बिद्यमान रहेको छ । तसर्थ आधुनिक प्रयोग गरी बाली उत्पादनोपरान्त हुने क्षती न्युनीकरणको साथै सस्तो मुल्यमा गुणस्तरीय कृषि उपज उपभोक्ताहरुलाई उपलब्ध गराउनको साथै अन्तराष्ट्रिय बजारमा समेत नेपाली कृषि उत्पादनको प्रवेश गराउन प्रतिस्पर्धात्मक क्षमता बढाउनको लागि बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, ताजा तरकारी तथा फलफूल उत्पादन, प्रशोधन र भण्डारण को साथै कृषि उपजहरुको प्रशोधन, ग्रेडिङ्ग प्याकिङ्ग ढुवानी तथा भण्डारण (प्याक हाउस तथा शितघर र कोल्ड चेन) स्थापना र सँचालनको लागि सम्बद्ध सबै सरोकारवालाहरुको सँलग्नता बढाई कृषिको ब्यवसायिकरण गर्न नेपाल सरकार कृषि बिकास मन्त्रालयले “बाली उत्पादनोपरान्त क्षति न्युनीकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन गर्न कृषक, कृषक समुह, कृषि सहकारीहरु तथा कृषि उद्यमीहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यबिधि, २०७०” तर्जूमा गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (क) यो कार्यविधिको नाम **“बाली उत्पादनोपरान्त क्षति न्युनीकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन गर्न कृषक, कृषक समुह, कृषि सहकारीहरु तथा कृषि उद्यमीहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यबिधि, २०७०”** रहेको छ ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२ <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **“प्याक-हाउस”** भन्नाले ताजा, धोई पखाली अनुपयोगी भागहरु हटाईएको (न्युनतम प्रशोधन गरिएको), प्रशोधित वा खान तयार कृषि  उपजहरुको कारोवारमा सहयोग गर्ने भौतीक पूर्वाधार तथा बीउ तथा खाद्यान्न प्रशोधन तथा भण्डारणमा प्रयोय हुने आबश्यक औजार उपकरण सहितको भौतिक पुर्बाधार (कृषि/प्रशोधन उद्योग/कारखाना) लाई जनाउँछ ।

ख) **“भौतिक पूर्वाधार”** यस कार्यबिधिमा भौतिक पुर्बाधार भन्नाले बाली उत्पादनोपरान्त क्षति न्युनीकरण गर्न कृषि उपज धुने, पखाल्ने, छाँट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक

तथा रासायनिक प्रदुशण हटाउने, आधारभुत औद्योगिक कच्चा पदार्थ तयार गर्ने, डिग्रीनीङ गर्ने, फल पकाउने, रोग किरा नष्ट गर्न तातो वा चिसो उपचार गर्ने, ग्रेडिङ गर्ने, सुकाउने, प्रशोधन गर्ने, प्याक गर्ने, गुणस्तर परिक्षण प्रयोगशाला, लेवल लगाउने, वार कोड टाँस्ने, सफ्टवेयर, सूचना प्रविधि नियन्त्रण कक्ष, प्रमाणीकरण गर्ने मेशिन, औजार उपकरण सहितको भवन वा संस्थालाई जनाउँछ । यसले फल, तरकारी, आलु, प्याज, मशला आदि बाली लिने (हार्भेष्टीङ), सुकाउने तथा बीउ भण्डारण, प्रशोधन, ग्रेडिङ, प्याकीङ, लेवलीङ गर्ने मेशीन वा प्रकृया समेतलाई जनाउँछ ।

ग) **"पोष्टहार्भेष्ट भण्डारण संरचना":** भन्नाले कृषि उपजको उत्पादन स्थल बाट उपभोक्ता सम्म पुऱ्याउने कममा क्षति न्युनीकरण गर्न आबश्यक पर्ने बिभिन्न सँरचनाहरु जस्तैः बाली कटानी पछि उत्पादन स्थलमा नै छोटो समयको लागि राखिने भण्डारण (precooling shed), सँकलन केन्द्र, शुन्य शक्ति भण्डारण, शितघर, गोदाम घर, भकारी, वोरा, घ्याम्पो, मान्द्रो, डोको आदि लाई समेत जनाउनेछ ।

घ) **"पोष्टहार्भेष्ट चिस्यान संरचना**/Cold Chain" ताजा तरकारी तथा फलफूल, माछा र अन्य छिटै बिग्रने खालका कृषि उपजहरुको उत्पादनोपरान्त हुने क्षती न्युनीकरण गर्नको साथै भण्डारण तथा ढुवानीको कममा हुने क्षती न्युनीकरण गर्न प्रयोग हुने प्रि कुलिंग सेड, रेफ्रिजरेटेड भ्यान, शुन्यशक्ति भण्डारण, रष्टिक स्टोर, सेलार स्टोर, शितघर तथा उपभोक्ता भण्डारमा प्रयोग हुने चिस्याउने सँयन्त्र आदि समेतलाई पोष्टहार्भेष्ट चिस्यान सँरचना भन्ने बुझाउँछ ।

ङ) **"ताजा कृषि उपज"** : खेतवारीमा उत्पादन भई खान उमेर पुगेका, भुईवाट उखेली तुरुन्तै उपभोगको लागी राखीएका, प्रशोधन नगरीएका फलफुल, तरकारी, आलु, अलैंचि, अदुवा जस्ता टिपेपछि छिटै नाश (Fresh Produce or Perishable) हुन सक्ने वस्तु सम्झनु पर्छ ।

च) **"पोष्टहार्भेष्ट औजार उपकरण"** भन्नाले उपभोग योग्य परिपक्वता भएका खडाबाली लीने (काट्ने, टिप्ने, चुँडने), उखेल्ने, खन्ने (आलु, प्याज), फल टिप्ने कैंचि, झोला, भचाङ, हाते साईजर, ग्रेडिङ मशिन, फल ढुवानी गर्ने क्रेट, रिफ्र्याक्टोमिटर, ह्वील व्यारो, कम्वाईन हार्भेष्टर, धान झार्ने हाते पेडल, गहुँ थ्रेसर, चपीङ वोर्ड, गुणस्तर परिक्षण गर्ने मशिन, जुसर, बीउ भण्डारको लागि प्रयोगमा आउने मुसा मार्ने ट्र्याप ( साँचो), चक्कु, हँसिया, चुलेसी आदि उपकरणहरुलाई जनाउँछ ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः-

(क) राष्ट्रिया तथा अन्तर्राष्ट्रिया मापदण्ड अनुसारको कृषि उत्पादन तयार गरी उपभोक्ताहरुलाई स्वश्थ, ताजा, भरपर्दो, गुणस्तरीय कृषि बस्तुहरु उपलब्ध गराउनका साथै बाह्य बजारमा समेत नेपाली कृषि उत्पादनको पहुँच बढाउन प्याकहाउस स्थापना गर्न सहयोग पुऱ्याउने ।

(ख) स्वश्थ तथा गुणस्तरीय बीउ उत्पादन, प्रशोधन तथा भण्डारणमा सहयोग गरी कृषकस्तरमा नै बीउ उत्पादन तथा सँचय गर्न सहयोग पुऱ्याउने ।

(ग) छिटै र सजिलै बिग्रने खालका बालीहरु जस्तै ताजा तरकारी तथा फलफूलको उत्पादन, बाली कटानी (फल टिप्ने), ग्रडिङ्ग, प्याकिङ्गमा आबश्यक पर्ने सामाग्री तथा औजार प्रयोग गरी गुणस्तरीय कृषि उत्पादनको साथै क्षति न्युनीकरण गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-२

## बाली उत्पादनोपरान्त क्षति न्युनीकरण कार्यक्रम सञ्चालन बिधि

४) **कायकम सञ्चालन प्रकृया:** पोष्ट हार्भेष्ट क्षति न्युनीकरण कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क) कार्यकम सँचालन गर्ने निकाय** : यो कार्यकम सँचालन गर्ने मुख्य जिम्मेवारी प्रमुख निकाय पोष्ट हार्भेष्ट व्यवस्थान निर्देशनालयको हुनेछ । निर्देशनालयले सम्बद्ध अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यकम कार्यान्वयन गर्ने व्यवस्था मिलउनेछ ।

ख) **सूचना प्रवाहः** पाष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयले कार्यकमको प्रकृति अनुसार पत्रपत्रिका, रेडियो, टेलिभिजन, जिल्ला कृषि बिकास कार्यालयहरु तथा अन्य सरोकार निकायहरु मार्फत प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ ।

ग) **प्रस्ताव तयार गर्ने/निवेदन:** सम्बन्धित सेवाग्राहीले पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयबाट तोकिएको ढाँचामा प्रस्ताव तयार गर्नुपर्नेछ । ठुला परियोजना तथा स्थानीय स्तरमा तयार गर्न नसकिने परियोजनाको सम्भाब्यत्ता अध्ययन गर्ने सन्दर्भमा निर्देशनालयले आफ्नो बार्षिक कार्यक्रममा समावेश गरी सम्भाव्यता अध्ययनको व्यवस्था मिलाउने छ । परियोजनाको प्रस्ताव तयार गर्दा भौतिक पुर्बाधारको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चापदार्थको व्यवस्था, बजार व्यवस्थापन, लाभ लागत अध्ययन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र आफुले ब्यहोर्ने रकम समेत खुलाई बिस्तृत रुपमा तयार गर्नुपर्नेछ । तर कृषि बिकास मन्त्रालयको स्विकृत नर्म्स अनुसारको परियोजना तथा यस्तै कम लागत भएका परियाजनाको हकमा तोकिएको ढाँचामा प्रस्ताव तयार गरी निवेदन दिन सकिनेछ ।

**घ) प्रस्ताव मुल्याङ्कन समिति गठनको व्यवस्था:** प्रस्तावकहरुले अनुदान माग गरी पेश गरेको प्रस्ताव मुल्याँकन गरी अनुदान प्रवाह गर्नको लागि देहाय वमोजिम मुल्याङ्कन समिति गठनको व्यवस्था गरीने छ ।

| | | | |
|---|---|---|---|
| क) | कार्यकम निर्देशक, पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय | - | अध्यक्ष |
| ख) | अधिकृत प्रतिनिधि (योजना), कृषि विभाग | - | सदस्य |
| ग) | अधिकृत प्रतिनिधि, कृषि ईन्जिनियरिङ निर्देशनालय | - | सदस्य |
| घ) | अधिकृत प्रतिनिधि, कृ.ब्य.प्र तथा व.वि.नि. | - | सदस्य |
| ङ) | अधिकृत प्रतिनिधि, तरकारी बिकास निर्देशनालय | - | सदस्य |
| च) | अधिकृत प्रतिनिधि, फलफूल बिकास निर्देशनालय | - | सदस्य |
| छ) | अधिकृत प्रतिनिधि, कृषि उद्यम केन्द्र | - | सदस्य |
| ज) | पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयको योजना शाखा हेर्ने बरिष्ठ अधिकृत वा कार्यकम निर्देशकले तोकेको अधिकृत | - | सदस्य सचिव |

**च) प्रस्ताव मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

१) प्रस्ताव मुल्याङ्कनको आधारहरु तयार गर्ने ।

२) मुल्याङ्कनको आधारमा सुची तयार गरी योग्य प्रस्तावहरु छनौट गर्ने ।

२) प्रस्तावकको माग, डिजाईन तथा लागत अनुमान, अनुदान माग गरेको रकम र बजार मुल्यको आधारमा छनौट भएको प्रस्तावकहलाई अनुदान रकम तोक्ने ।

**छ) कार्यक्रम कार्यान्वयन :** पोष्ट हार्भेष्ट क्षति न्युनीकरण कार्यकमको कार्यान्वयन प्रकृया देहाय वमोजिम हुनेछ ।

१) प्याक हाउस स्थापना सम्बन्धि कार्यकममा व्यवसायिक रुपमा फलफूल उत्पादन, ग्रेडिङ्ग, प्याकिङ्ग तथा बजारीकरणमा सँलग्न सेवाग्राहीका साथै व्यवसायिक रुपमा बीउ, उत्पादन, प्रशोधन तथा बजारीकरणमा सँलग्न सेवाग्राहीहरुले समेत भाग लिन सक्नेछन ।

२) अनुसची २ अनुसारको औजार उपकरण वितरण कार्यकममा ताजा तरकारी तथा फलफूलको व्यवसायिक उत्पादनमा सँलग्न स-साना सेवाग्राहीहरु लाई समावेश गरिनेछ ।

४) अनुसुची ३ अनुसारको बिउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धि कार्यकममा नीजि प्रयोजनको साथै व्यवसायिक रुपमा बिउ उत्पादन, प्रशोधन तथा बजारीकरणमा सँलग्न कृषक, कृषक समुह तथा सहकारीहरुलाई समावेश गरिनेछ ।

६) स्थानिय उपभोक्ताले पूर्वाधार विकास निर्माण कार्यको लागि जग्गाको व्यवस्था गर्नुपर्ने, साथै कुल लागतको कम्तीमा १५% खर्च व्यहोर्नु पर्ने ।

६) पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयले ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ ।

७) प्राप्त प्रस्तावहरुको प्रस्ताव मुल्याँकन समितिबाट मुल्याँकन गरी स्विकृति भएको प्रस्तावकहरुलाई जानकारी दिने ।

८) स्विकृत प्रस्तावक सँग सम्झौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयको हुनेछ । कथंकदाचित स्विकृत प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा वा कार्य अघि नबढाएमा प्राथमिकता कममा त्यस पछि रहेका प्रस्तावकलाई अनुदान रकम प्रवाह गर्न सकिने छ ।

९) एकै बर्षमा सम्पन्न हुन नसक्ने ठुला परियोजनाको हकमा संरचना निर्माण तथा मेशिनरी/उपकरण खरीद तथा जडान गर्ने कार्य बहुबर्षिय आयोजनाको रुपमा प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद-३
## अनुदान पवाह बिधि

**५. अनुदानको सिमाः** अनुसुची १ अनुसारको पुर्बाधार तथा सामाग्रीको लागि स्विकृत बजेटको परिधिभित्र रही प्रस्ताव मुल्याङ्कन समितिको सिफारिसको आधारमा कुल लागत रकमको बढीमा पचासी प्रतिसत सम्म र अनुसुची २ र ३ अनुसारको पुर्बाधार तथा सामाग्रीको हकमा स्विकृत बजेटको परिधिमा रही एक प्रस्तावकलाई बढीमा एक लाख सम्म वा कुल लागतको ८५ प्रतिसत सम्म अनुदान उपलब्ध गराईनेछ ।

**६. प्रस्तावकले लगानाी गर्ने रकम सम्बन्धमा:** प्रस्तावकले आँफुले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पुर्बाधारको ब्यवस्था गरी बैंक दाखिला गरेको वा बित्तिय सँस्था बाट लगानी हुने अवस्थामा बित्तीय सँस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो जानकारी प्राप्त भएपछि मात्र स्विकृत प्रस्तावकलाई कार्यकम अघि बढाउन कार्यादेश दिईने छ ।

**७. पेश्की सम्बन्धि ब्यवस्था:** प्रस्तावकले कार्य शुरु गर्न बैक जमानतको आधारमा कुल स्विकृत अनुदान रकमको २० (वीस) प्रतिशत सम्म पेश्की रकम पाउन सक्नेछ । निर्देशनालयले तोकेको प्राबिधिकको सिफारिसको तथा कार्य प्रगतिको आधारमा ३ किस्तामा रकम उपलब्ध गराईनेछ ।

**८. खरिद तथा भुक्तानी सम्बन्धि ब्यवस्था:** सम्झौतामा उल्लेख भए अनुसार अनुसुची २ र ३ मा उल्लेखित बीउ उत्पादन, प्रशोधन तथा भण्डारण ताजा तरकारी तथा फलफुल उत्पादन, प्रशोधन तथा भण्डारणको लागि आबश्क पर्ने स-साना औजार उपकरणहरुको हकमा स्विकृत अनुदान रकमको परिधिभित्र रही सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप जिल्ला कृषि बिकास कार्यालयको रोहवरमा प्रस्तावकलाई उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद-४
## विविध

९) **अनुगमन तथा मूल्याकन व्यवस्था** : पोष्टहार्भेष्ट क्षति न्युनीकरण सम्बन्धि कार्यक्रमको अनुगमन व्यवस्था देहाय वमाजिम हुनेछ ।

क) अनुगमन मुल्यांकनको मुख्य जिम्मेवारी पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालयको हुनेछ । कार्यकमको प्रभावकारिता बढाउन अनुगमन टोलीमा कृषि विभाग तथा अन्य सरोकारवालाहरुको समेत सहभागिता गराइने छ ।

ख) कार्यकमको कूल लागतमा ५% मा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च प्रस्ताव गर्न सकीने छ र उक्त रकम योजना तर्जूमा, भ्रमण (सवारी साधन) तथा अनूगमन मूल्यांकन प्रयोजनमा खर्च गर्न सकिने छ ।

१०) **कार्वाहीको व्यवस्था** : अनुदानमा स्थापना भएको पुर्बाधार तथा मेसिनरी औजार तोकिएको उद्येश्य बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन र यदि कुनै प्रस्तावकले शर्त अनुसारको काम नगरेमा प्याकहाउस बन्द गरी नेपाल सरकार बाट उपलब्ध गराईएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११) **प्रचलित कानून लागू हुने** : यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

१२) **कार्यबिधि संशोधन तथा परिमार्जन** : कृषि बिकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

## अनुसुची १

प्याकहाउस स्थापनाको लागि प्रस्ताव पेश गर्न सकिने पुर्वाधार तथा मेसिनरी औजारको बिवरण

१. प्रि कुलिङ्ग सेड, कलेक्सन सेन्टर, निसँक्रमण उपचार गर्ने सँरचना, शुन्य शक्ति भण्डारण, सेलार तथा रष्टिक स्टार, शित घर, भण्डार घर आदि ।

२. फलफूल, तरकारी तथा अन्न बालीको ग्रेडिङ्ग उपकरण, सफा गर्ने (वासिङ्ग), निसँक्रमण कार्यमा उपयोग हुने मेसिनरी, बिभिन्न किसिमका ड्रायरहरु, प्याकिङ्ग उपकरणहरु, फोर्क लिफ्ट, कन्भेयर बेल्ट तथा अन्य उपकरणहरु ।

३. छिटै सड्ने गल्ने प्रकृतिका फलफूल तथा तरकारीको उत्पादनोपरान्त उपयोग समय बृद्धी गर्नको साथै क्षति न्युनीकरणको लागि आबश्यक पर्ने रेफ्रिजरेटेड भ्यान, डिप फ्रिज तथा यस्तै प्रकारका अन्य औजार उपकरणहरु ।

## अनुसुची २

ताजा कृषि उपजहरु (तरकारी,फलफूल,मसला आीद) को पोष्टहार्भेष्ट ह्याण्डलिङ, उत्पादन, टिपाई, सफा गर्ने ( वासिङ्ग), ग्रेडिङ्ग, प्याकिङ्ग, ड्राईङ्ग तथा गुणस्तर मापनको लागि प्रयोग हुने पोष्ट हार्भेष्ट क्षति न्युनीकरण सम्बन्धि औजार/उपकरणहरुको बिवरण :

१. फलटिप्ने भऱ्याङ
२. फल टिप्ने कैंची
३. फल टिप्ने ब्याग
४. हाते साइजर
५. ग्रेडिङ मेसिन
६. फल ढुवानी गर्ने क्रेट
७. रिफ्रयाक्टोमिटर Refractometer
८. ह्विल ब्यारो Wheel Berrow
९. यस्तै अन्य आवश्यक सामाग्रीहरु

## अनुसुची ३

**बिउ उत्पादन, प्रशोधन तथा भण्डारणमा उपयोग हुने सामाग्री तथा उपकरणहरुको सूचि :**

१. बीउ सुकाउने त्रिपाल
२. थ्रेसिङ फ्लोर
३. पैडल थ्रेसर
४. मकै छोडाउने मेसिन (कर्न सेलर)
५. मेटलबीन
६. हर्मेटिक/सुपरग्रेन ब्याग
७. मुसा मार्ने/समात्ने साँचो (र्‍याट ट्रयाप)
८. तापक्रम र आद्रता मापक उपकरणहरु
९. गोदाम घर भित्र बायू संचार गराउने उपकरणहरु
१०. बीउको चिस्यान मापन उपकरण
११. बीउको उपचार गराउने उपकरण
१२. आवश्यकता अनुसार अन्य .

अनुसुची ४

# ताजा कृषि उपजहरुको पोष्टहार्भेष्ट ह्याण्डलिङ उपकरणका लागि माग फाराम

१. व्यावसायिक कृषक/कषक समूह/कृषि सहकारीको नाम : ……………………………………………
ठेगाना : ……………………………………………………………………………………………
२. समूह दर्ता मिति :…………………………………… दर्ता भएको कार्यालय :………………………
३. सदस्य संख्या :……………………………………… महिला………………पुरुष…………………
दलित………………जनजाति……………
४. लाभाविन्त कृषक संख्या :……………………………… प्रत्यक्ष………………परोक्ष……………
५. कारोबार शुरू मिति :…………………………………………

६. कारोबारको विवरण :

| ताजा कृषि उपजहरुको नाम | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बिकी परिमाण | रकम | बिकी परिमाण | रकम | बिकी परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र/जिल्लाहरू/थोकबजारहरू/सङ्कलन केन्द्रहरू
…………………………………………………………………………………………
…………………………………………………………………………………………………… .
८. व्यावसायिक कृषक/कषक समूह/कृषि सहकारीको चल/अचल पूँजीको विवरण (घर,जग्गा,मेशीन, भवन आदि)
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
९) जग्गा सम्बन्धि बिवरणः
क) पाखो क्षेत्रफल : कित्ता नं.:
ख) खेत क्षेत्रफल : कित्ता नं.:
१०.सामग्रीहरूको माग विवरण (समूहको आवश्यकताअनुसार माग गर्ने) :
(फल टिप्ने कैंची, हार्भेष्टिङ उपकरण, फलफूल ग्रेडिङ गर्ने हाते साइजर, रिफ्र्याक्टोमीटर, फल टिप्ने भऱ्याङ, कार्टुन बक्स, प्लाष्टिक क्रेट तथा अन्य)

| सामग्रीको नाम | संख्या | क्षमता वा स्पेशिफिकेशन( आवश्यक पर्नेमा) | लागत मूल्य | अनुदान मागेको रकम | खरिद गर्ने स्रोतरस्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

उपर्युक्त बमोजिमको विवरणहरू मैले जाने-बुझेसम्म सही छ । झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई ऐन-कानून बमोजिम सहुँला-बुझाउँला ।

साक्षी
दस्तखत
नाम
पद

निवेदक
दस्तखत
नाम
पद :

# अनुसुची ३

## बीउ बीजन उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धि पोष्टहार्भेष्ट औजार,उपकरण माग फाराम

१. व्यावसायिक कृषक/कषक समूह/कृषि सहकारीको नाम : .............................................
ठेगाना ...........................................................................................................

२. समूह/फर्म दर्ता मिति :.................. दर्ता भएको कार्यालय :...........................

३. सदस्य/शेयर सदस्य संख्या :......महिला........पुरुष.......... दलित...... जनजाति..........

४. लाभाविन्त कृषक संख्या :....... प्रत्यक्ष........परोक्ष.................

५. कारोबार शुरू मिति :....................................................

६. कारोबारको विवरण :

| बालीहरू | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र/जिल्लाहरू ...........

८. व्यावसायिक कृषक/कषक समूह/कृषि सहकारीको चल/अचल पूँजीको विवरण (घर,जग्गा,मेशीन, भवन आदि)
..........................................................................................................................
..........................................................................................................................

९) जग्गा सम्बन्धि बिवरण:

क) पाखो क्षेत्रफल : कित्ता नं.:

ख) खेत क्षेत्रफल : कित्ता नं.:

१०.. समूहको आवश्यकता (सहयोग सामग्रीहरूको माग विवरण) आवश्यक अनुसार माग गर्ने :
(स-साना हार्भेष्टर, थ्रेसर, मेटलबिन, सुपरग्रेन ब्याग, पी.भी.सी. त्याट ट्र्चाप, थ्रेसिङफ्लोर निर्माण सामग्री तथा अन्य)

| सामग्रीको नाम | संख्या | क्षमता | लागत मूल्य | खरीद गर्ने स्रोत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. समूह/कारोबार दर्ताको नवीकरणसहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. कारोबार विवरणको प्रमाणित प्रतिलिपि

३. समूहको विधान/प्रवन्ध पत्रको प्रतिलिपि

४. लालपुर्जाको प्रतिलिपि

५. माग गरिँदाको बैठकको निर्णय प्रतिलिपि

उपर्युक्त बमोजिमको विवरणहरू मैले जानेबुझे सम्म सही छ। झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई ऐन-कानून बमोजिम सहुँला-बुझाउँला।

साक्षी निवेदक

दस्तखत :

नाम : नाम :

पद : पद

समूहको छाप